सधैं र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

♦ वर्ष ८ ♦ अंक ३४३ ♦ २०८२ साल साउन १२ गते सोमवार ♦ 28 July 2025 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com

## मधेशमा डिपबोरिङ जडान सुरु

**खबर दर्पण समाचारदाता**

**साउन ११ गते, बर्दिवास**

लामो समयदेखि आकासे पानी नपरेपछि मधेश प्रदेश सुख्खाग्रस्त क्षेत्र हुँदा कृषियोग्य जमिनमा सिँचाइ तथा खानेपानीको सङ्कट उत्पन्न भएपछि प्रदेश सरकारले डिपबोरिङ जडान गर्ने योजना सुरु गरेको छ। प्रदेशको ऊर्जा, सिँचाइ तथा खानेपानी मन्त्रालयको नेतृत्वमा मधेश प्रदेशका प्रत्येक वडामा एउटाका दरले डिपबोरिङ जडान गर्ने योजना ल्याइएको हो ।

ऊर्जा, सिँचाइ तथा खानेपानीमन्त्री शेषनारायण यादवले आवश्यकता तथा प्राथमिकताका आधारमा विस्तारै डिपबोरिङ जडान गरेर पानीको समस्या समाधान गर्ने प्रदेश सरकारले योजना बनाएर कार्यान्वयन सुरु गरेको जानकारी दिए। अहिले प्रदेशको



सहरी तथा ग्रामीण क्षेत्रमा खानेपानीको समस्या विकराल बन्दै गएकाले सिँचाइ भन्दा खानेपानीलाई प्राथमिकता दिइएको उनको भनाइ छ। मधेश प्रदेश सरकारको सीमित स्रोतसाधनका बाबजुद आवश्यकता अनुसार प्राथमिकता निर्धारण गरेर डिपबोरिङ जडान अगाडि बढाइएको मन्त्री यादवले बताए । खानेपानी तथा सिँचाइको समस्याबाट ग्रसित जनताले सो मन्त्रालयसमक्ष विभिन्न वडा तथा टोलमा खानेपानीको समस्या रहेको भन्दै बोरिङ जडानको माग गरेका मन्त्रालयले जनाएको छ।

खडेरीको चपेटामा परेको मधेशलाई प्रदेश सरकारले सुख्खाक्षेत्र घोषणा गरिसकेको छ भने सङ्घीय सरकारले पनि तीन महिनाका लागि 'सङ्कटग्रस्त क्षेत्र' घोषणा गरिसकेको छ । साथै प्रदेश सरकारले खानेपानी अभाव क्षेत्रमा ट्याङ्कर तथा दमकलबाट नि:शुल्क रूपमा पानी वितरण गरिरहेको छ।

यसैबीच मधेश प्रदेश सरकारको डिपबोरिङ जडान गर्ने योजनाअनुसार धनुषाको मिथिलाविहारी नगरपालिका-२

*बाँकी पृष्ठ २ मा*

## मधेशका सुख्खाग्रस्त क्षेत्रमा बेलायती संस्थाले सहयोग गर्ने

**खबर दर्पण समाचारदाता**

**साउन ११ गते, बर्दिवास**

मधेश प्रदेशलाई विपद् सङ्कट ग्रस्त क्षेत्र घोषणा गरी सरकारले राहत र सहयोगका लागि आह्वान गरेपछि बेलायतको एक संस्थाले सहयोग गर्ने प्रतिबद्धता जनाएको छ ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको समन्वयमा बेलायत सरकारअन्तर्गत सञ्चालित 'स्टार्ट फन्ड नेपाल' परियोजना राहत र सहयोग कार्यक्रम अगाडि बढाउने प्रतिबद्धता जनाएको हो ।

खडेरीबाट प्रभावित पर्सा, बारा, रौतहट, सर्लाही, सिराहा र सप्तरीका १० वटा पालिकामा लागू हुने उक्त कार्यक्रम आगामी ६० दिनसम्म सञ्चालन हुने मधेश प्रदेशका मुख्यमन्त्रीको सचिवालयले जनाएको छ ।

परियोजनाबाट आठ हजार ३५५ घरका करिब ४४ हजारभन्दा बढी नागरिक लाभान्वित हुनेछन्। कार्यक्रमका लागि कुल रु दुई करोड ६० लाख ३३ हजार ४७६ बजेट विनियोजन गरिएको छ। कार्यक्रमलाई तीन चरणमा कार्यान्वयन गरिनेछ । पहिलो चरणमा खडेरीग्रस्त क्षेत्रमा आपत्कालीन रूपमा पानी वितरण, दोस्रो चरणमा गहिरो बोरहोल खन्ने सम्भाव्यता अध्ययन, सिँचाइ प्रणालीको सुधार तथा दिगो पानी प्रणाली निर्माणमा जोड दिइनेछ ।

तेस्रो चरणमा जीविकोपार्जन पुन:स्थापनालाई प्राथमिकता दिइने र यसअन्तर्गत 'क्यास फर वर्क' कार्यक्रम, सिँचाइ मर्मत तथा वैकल्पिक बाली प्रवर्द्धनमा प्राविधिक सहयोग प्रदान गर्ने जानकारी आएको मुख्यमन्त्रीका प्रेस सल्लाहकार अवधेश झाले बताए ।

## एक वर्षमा २३ सय ६९ प्रहरीले दिए राजीनामा

**खबर दर्पण समाचारदाता**

**साउन ११ गते, बर्दिवास**

एक वर्षमा करिब २४ सय प्रहरीले राजीनामा दिएका छन्। २०८१ साउनदेखि २०८२ असार मसान्तको अवधिमा जवानदेखि अधिकृत तहसम्मका २३ सय ६९ प्रहरीले राजीनामा दिएका हुन् ।


प्रहरीमा सरुवा, बढुवा, वृत्तिविकासलगायतमा देखिएको असन्तुष्टिको असर राजीनामामा देखिएको हो । कतिपय प्रहरी वैदेशिक रोजगारीमा आकर्षक तलब पाएर पनि सेवाबाट अलग हुने परिस्थिति देखिएको प्रहरी प्रधान कार्यालयले जनाएको छ ।आइतबार प्रहरी प्रधान कार्यालयले गरेको पत्रकार सम्मेलनमा कतिपय प्रहरी भने अपराध र आचरण विपरीतका

*बाँकी पृष्ठ २ मा*

शिरीष अफसेट प्रेस

बर्दिवास नगरपालिका-१ राष्ट्रिय वाणिज्य बैंक नजिकै), महोत्तरी

✓ पत्रिका
✓ क्यालेण्डर
✓ रजिष्टर, डाइरी
✓ किताब
✓ परीक्षा कपी
✓ पर्चा पम्पलेट
✓ बिल, भाउचर,



✓ स्क्रिन प्रिन्ट
✓ विवाह कार्ड
✓ प्रमाण पत्र
✓ भिजिटिङ्ग कार्ड
✓ झोला प्रिन्ट
✓ रबर स्टाम्प




✓ फ्लेक्स प्रिन्ट
✓ ब्यानर प्रिन्ट
✓ होर्डिङ्ग बोर्ड
✓ स्टिकर
फाइल



साथै होम डेलिभरीको सुविधा छ ।

सम्पर्क नम्बर: ९८४४०२५१८४, ९८०७६७५१२५, ९८१५८८९६८२

# मटिहानीमा झूलनोत्सव मेला सुरु



**खबर दर्पण समाचारदाता**
**साउन ११ गते, बर्दिवास**

महोत्तरी जिल्लाको मटिहानीस्थित प्रसिद्ध लक्ष्मीनारायण मठमा आजदेखि परम्परागत झूलनोत्सव मेला सुरु भएको छ।

पौराणिक मान्यता अनुसार त्रेतायुगदेखि नै प्रारम्भ भएको मानिने यो पर्व हरेक वर्ष परम्परागत रूपमा श्रद्धा र भक्तिपूर्वक मनाउने गरिन्छ।

झूलनोत्सवका अवसरमा मठबाट प्रत्येक दिन बाजागाजासहित भव्य र कलात्मक पालकीमा भगवान राम र सीताको मुर्ति राखी नगर परिक्रमा गराइन्छ। भक्तजनहरूको सहभागितामा भजन-कीर्तन गर्दै झुलाघरसम्म लगिने गरिन्छ, जहाँ भगवानलाई झुलाइने प्रथा रहिआएको छ। यस धार्मिक मेलामा स्थानीयवासीसहित विभिन्न स्थानबाट आउने श्रद्धालुहरूको उपस्थिति रहने गरेको छ। आउँदो पूर्णिमासम्म जारी रहने यो झूलनोत्सवले मटिहानीमा धार्मिक र सांस्कृतिक रौनक थपेको छ।



# ढल्केवर ग्रीडबाट प्रसारण हुने पश्चिमी फिडरमा ५ दिन लोडसेडिङ, चन्द्रनिगाहपुर, मौलापुर र गौर प्रभावित

**खबर दर्पण समाचारदाता**
**साउन ११ गते, बर्दिवास**

नेपाल विद्युत प्राधिकरणको ढल्केवर ग्रीड महाशाखाबाट प्रसारणमा रहेको पश्चिमी फिडर लाइनमा आईसोलेटर जडान गर्नुपर्ने भएकाले आगामी पाँच दिन दैनिक चार घण्टा लोडसेडिङ हुने भएको छ।

महाशाखाले आइतवार सूचना जारी गर्दै सोमबार (साउन १२ गते) देखि साउन १७ गतेसम्म हरेक दिन बिहान ५ बजेदेखि ९ बजेसम्म विद्युत आपूर्तिमा कटौती गरिने जनाएको छ।

यस कार्यका लागि १३२ के.भी.को ढल्केवर-चन्द्रनिगाहपुर प्रसारण लाइनमा मर्मत तथा जडान कार्य गरिनेछ। यस कारणले रौतहट जिल्लाको चन्द्रनिगाहपुर, मौलापुर वितरण केन्द्र तथा गौर वितरण केन्द्रअन्तर्गतका क्षेत्रमा लोडसेडिङ हुनेछ।

प्राधिकरणका अनुसार सो कार्य सम्पन्न गर्न ३३ के.भी. बस तथा फिडरलाई सटडाउन गर्नुपर्ने भएकाले प्रभावित क्षेत्रमा विद्युत आपूर्तिमा अस्थायी अवरोध हुने बताइएको छ।


साउन १७ गतेपछि नियमित रुपमा लाइन सञ्चालनमा आउने र विद्युत सेवा यथावत् हुने प्राधिकरणले जनाएको छ। सेवा अवरुद्ध हुँदा पर्न जाने असुविधाप्रति महाशाखाले उपभोक्ताहरूसँग क्षमायाचना समेत गरेको छ।

# सिंचाईका लागि मोटर राति ९ बजेपछि मात्र चलाउन प्राधिकरणको आग्रह

**खबर दर्पण समाचारदाता**
**साउन ११ गते, बर्दिवास**

नेपाल विद्युत प्राधिकरणले सिंचाई प्रयोजनमा प्रयोग हुने मोटरहरु राति ९ बजेपछि मात्र सञ्चालन गर्न आग्रह गरेको छ ।

नेपाल विद्युत प्राधिकरण वितरण तथा ग्राहक सेवा निर्देशनालयले आज एक सूचना जारी गर्दै मनसुन सुरु नभएसम्म सिंचाई प्रयोजनमा प्रयोग हुने मोटरहरु राति ९ बजेपछि मात्र सञ्चालन गर्न आग्रह गरेको हो ।



नेपाल विद्युत प्राधिकरण
वितरण तथा ग्राहक सेवा निर्देशनालय
(प्रकाशित मितिः २०८२।०४।११)

सिचाईवर्गका ग्राहकलाई अनुरोध ।

यस वर्ष लामो सयमदेखि तराईका जिल्लाहरुमा सुख्खा खडेरीका कारण अत्याधिक गर्मि बढ्न गई वितरण लाइनको संरचनाहरु ओभरलोडमा संचालन भई न्युन भोल्टेजको समस्या देखिएकोले मनशुन शुरु नभएसम्म सिंचाई प्रयोजनमा प्रयोग हुने माटेरहरु रातीको ९:०० बजे पछि मात्र संचालन गर्न तथा वढि विद्युत खपत गर्ने उपकरणहरु कम मात्रामा चलाई विद्युत व्यवस्थापनमा सदाझै सहयोग गर्नु हुन यो सूचना प्रकाशित गरिएको व्यहोरा सवैमा जानकारी गराईन्छ ।

नेपाल विद्युत प्राधिकरण
वितरण तथा ग्राहक सेवा निर्देशनालय
दरवारमार्ग, काठमाण्डौ ।

तराईका जिल्लाहरुमा सुख्खा खडेकीका कारण रोपाइ गर्न पानी नभएपछि मोटर तानेर सिँचाइ गरिरहेकाले यस्तो सूचना जारी गरेको प्राधिकरणले जनाएको छ ।

यस वर्ष लामो सयमदेखि तराईका जिल्लाहरुमा सुख्खा खडेरीका कारण अत्याधिक गर्मी बढ्न गई वितरण लाइनको संरचनाहरु ओभरलोडमा संचालन भई न्युन भोल्टेजको समस्या देखिएको प्राधिकरणले जनाएको छ ।

साथै बढी विद्युत खपत गर्ने उपकरणहरु कम मात्रामा चलाई विद्युत व्यवस्थापनमा सहयोग गपरदिन अनुरोध समेत गरेको छ । यसअघि शनिबार साँझ प्राधिकरणको चनौली वितरण केन्द्रले आज दिनभर चितवनमा बत्ति जाने तालिका सार्वजनिक गरेपछि लोडसेडिङ भएको भन्दै आलोचना भएको थियो ।

# मधेशमा डिपबोरिङ....

स्थित परशुराम तलाउ क्षेत्रमा पहिलो चरणको जडान सुरु भएको मन्त्री यादवले जानकारी दिए ।

मन्त्रालयअन्तर्गत भूमिगत सिँचाइ कार्यालय जलेश्वर, भूमिगत सिँचाइ कार्यालय लहान, भूमिगत सिँचाइ कार्यालय कर्मैया (सर्लाही), तथा भूमिगत सिँचाइ कार्यालय वीरगञ्जमार्फत डिपबोरिङ निर्माण गरिने उनले उल्लेख गर्नुभयो । उनका अनुसार ती कार्यालयले मधेश प्रदेशका आठ जिल्लामध्ये दुईरदुईवटा जिल्लामा डिपबोरिङ जडान तथा निर्माण गर्दै आएका छन् ।

सङ्घीय सरकारको मातहतमा रहेको कमला सिँचाइ व्यवस्थापन कार्यालय पोर्ताहाले गत आर्थिक वर्षदेखि सिँचाइका साथै डिपबोरिङ जडान सुरु गरेको कार्यालयका प्रमुख वीरेन्द्र यादवले जानकारी दिए। धनुषा तथा सिरहा कार्यक्षेत्र रहेको सो कार्यालयबाट जडान गरिएका डिपबोरिङबाट केही हदसम्म सिँचाइ तथा खानेपानीको समस्या समाधान भएको उनको भनाइ छ ।

# एक वर्षमा २३ सय ६९ ....

गतिविधिमा मुछिएपछि विभागीय कारबाहीमा परेर पनि राजीनामा दिएर अलग हुने गरेको देखिएको जनाएको हो ।यसैगरी गत आर्थिक वर्षमा देशभरका प्रहरी कार्यलयमा अपराधका ५८ हजार ४ सय ७२ जाहेरी परेको छ । जसमा योजनवद्ध रूपमा व्यक्तिहत्या गरेको अभियोगमा मात्रै ५ सय १० मुद्दा दर्ता भएका हुन् ।अपहरणका १ सय ४२, मानव बेचबिखनका १ सय ५२ जबर्जस्ती करणीका २ हजार ३ सय ८७ छन् । प्रहरीमा दैनिक रूपमा मात्रै १ सय ६० मुद्दा दर्ता हुने गरेको आइतबार पत्रकार सम्मेलन आयोजना गरी प्रहरी प्रवक्ता विनोद घिमिरेले जानकारी गराए ।गत आर्थिक वर्ष आत्महत्या गर्नेको संख्या मात्रै ६ हजार ८ सय ५२ रहेको छ ।

साइबर अपराधका मुद्दा १ सय १२ मुद्दा दर्ता भएको छ । यस वर्ष रेड नोटिस जारी भएका ३४ जना र विभिन्न देशबाट पक्राउ गरी ल्याइएका २० जना रहका छन् ।

## आवश्यक टेलिफोन नम्बरहरू

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### बर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास नगरपालिका | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| इलाका प्रशासन कार्यालय वर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

| | |
|---|---|
| एम्बुलेन्स (सोसल वेलफेयर & रिसर्च सेन्टर) | ४१-५४०२३२ |
| महेन्द्रनगर,धनुषा | ९८४४०२४४५०/ ९८०४८२५८६० |
| एम्बुलेन्स (हिमालय युवा क्लव नक्टाभिज) | ०४१-६२०४९१ ९८०४८१५१२६ |
| इलाका प्रहरी कार्यालय महेन्द्रनगर | ५४०१९९ |
| विद्युत प्राधिकरण महेन्द्रनगर | ५४०१६१ |

# भूमि विधेयक फिर्ता लिनुपर्छः उपेन्द्र यादव

**खबर दर्पण समाचारदाता**
**साउन ११ गते, बर्दिवास**

जनता समाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादवले मध्यवर्ती क्षेत्रका जंगल सखाप पार्ने योजनाका साथ भूमिसम्बन्धी विधेयक ल्याइएको बताएका छन्।

आइतबार प्रतिनिधि सभाको कृषि सहकारी तथा भूमि समितिमा आफ्नो संशोधन पेस गर्दै सांसदसमेत रहेका अध्यक्ष यादवले अहिले सरकारले ल्याएको भूमिसम्बन्धी विधेयक सुकुम्बासी समस्या समाधान गर्नभन्दा पनि आफ्ना निहित स्वार्थ पूरा गर्न अघि बढाइएको दाबी गरेका छन्।

'सुकुम्बासी समस्या समाधान गर्न ल्याउने हो भने भूमि ऐन २०२१ को आठौं संशोधन पर्याप्त छ। वन ऐन २०७६ पनि पर्याप्त छ, यो किन ल्याउनुपऱ्यो? त्यहीअन्तर्गत लाखौं मानिसलाई जग्गा बाँडिसकिएको छ, यो ल्याउनुपर्ने आवश्यकता नै थिएन, नम्बर एक। नम्बर दुई, मेरो आपत्ति के हो भने यो संविधानविपरीत छ। संविधानको धारा १०९ र अनुसूची ६ विपरीत छ,' उनले भने।

भूमिसम्बन्धी विधेयक ल्याउँदा सर्वोच्च अदालतको दुईवटा संवैधानिक इजलासका फैसलाहरूलाई ध्यान दिनुपर्ने बताए।

'एउटा फैसला २०८० माघ २१ गतेको संवैधानिक इजलासको र अर्को २०८१ माघ २ गतेको संवैधानिक इजलासको फैसला हो। ती फैसलाहरूले के भन्छन् भने जुन विषय प्रदेशको क्षेत्राधिकार भित्र पर्छ, स्थानीय तहको अधिकार भित्र पर्छ वा साझा अधिकारभित्र पर्छ, त्यस्ता विषयमा संशोधन गर्दा सम्बन्धित प्रदेश सभाको अनुमति लिनुपर्छ,' उनले भने।

त्यसरी अनुमति नलिएको कारणले यो संशोधन संविधानले पहिल्यै बदर गरिसकेको पनि उनको तर्क छ।

'यो भूमि र वन दुवै प्रदेशको क्षेत्राधिकारभित्रको विषय हो। के प्रदेश सभाको अनुमति लिएर यो ल्याइएको हो? यदि होइन भने, यो संविधानको उल्लंघन र संघीयतामाथिको प्रहार हो। त्यसकारण यो अत्यन्त आपत्तिजनक र गलत छ,' उनले भने।

भूमिसम्बन्धी विधेयकमा असंवैधानिक कुरा ल्याउन पाइन्छ भन्दै उनले प्रश्न गरेका थिए।

'के क्षेत्राधिकार मिच्न पाइन्छ? के अनुसूची मिच्न पाइन्छ? त्यो अधिकार छ? भोलि गएर यो सार्वजनिक विषय, जनताको विषय बन्छ, अदालतमा गए भने गलत ठहरिन सक्छ। सुकुमबासी समस्या समाधान गर्नका लागि अहिलेको कानुन पर्याप्त छ। भर्खरै प्रधानमन्त्रीले झापामा कानुनअनुसार लालपुर्जा बाँडेर आउनुभएको छ। यो कसरी बाधक भयो र के गर्न खोजिएको हो? त्यो नपाएको कारणले यो ल्याउनु परेको होइन,' उनले भने।

उनले सुकुमबासीको सङ्ख्या कति छ भन्दै पनि प्रश्न गरे। सुकुमबासीको नाममा हुकुमबासीहरूले गलत तरिकाले जग्गा पाएको उनले भनाइ छ।

'पहिले इन्ट्रीमा सुकुमबासीको नाममा जग्गा बनाइयो, अहिले सात तला, पाँच तलाका घर बनेका छन्। ती सुकुमबासीहरूको स्थिति सुध्रिएको छ। तथ्यांकअनुसार ५ लाख ७० हजार हेक्टर जग्गा वितरण भएको छ। सन् १९६५ ८३,००० परिवारलाई जग्गा दिइयो। त्यसपछि २०८२ सम्म आइपुग्दा ३, ५६,४०० सुकुमबासीको नाममा जग्गा वितरण भएको छ। २०४५ सालको सरकारको निर्णयबाट १ लाख १६ हजार ६४८ हेक्टर, करिब १ लाख ७० हजार दुई बिघा वितरण गरिएको छ। तर सुकुमबासी समस्या समाधान भएको छैन। त्यसकारण, सुकुमबासी समस्या के हो, कति छन्, कतिलाई बाँड्नुपर्ने हो, त्यो ठीकसँग निश्चित नगरी यो ल्याइएको छ,' उनले भने।

तराईमा ५३ प्रतिशत आन्तरिक बसाइँसराइ भएको यादवले बताए। तराईमा जनसंख्याको चाप बढेको पनि उनले बताए।

'जहाँका मुसहरहरूले जग्गा पाए, त्यहाँका अरू भूमिहीन दलितहरूले जग्गा? अर्कोतर्फ, सुरुमा खाली भएको तराई अहिले मरुभूमिकरणको अवस्थामा छ। यसले जंगल कति खान्छ? अर्को कुरा, यहाँ उल्लेख गरिएको छ, व्यवसायीहरूलाई जग्गा दिने, वन फँडानी गर्ने कार्य फौजदारी अपराध हो,' उनले भने।

वन फँडेर बसेको जग्गा दर्ता गरि यो भने वन फँडानीलाई प्रोत्साहन हुने उनको ठहर छ। अतः यो विधेयक गलत भएको उनको भनाइ छ।

'वन ऐन २०७६ अनुसार सबै वन नेपाल सरकारको नियन्त्रणमा छन्। ती वनलाई कुन सरकारको नियन्त्रणमा ल्याउने भन्ने कुरा विवादास्पद छ। जग्गा व्यवसायीहरूलाई रियल स्टेटका लागि जग्गा दिने हो भने त्यो सुकुमबासी समस्या समाधान गर्न होइन, भू-माफियालाई जग्गा दिने हो। यो कति घातक छ! वन फँडानीलाई प्रोत्साहन गर्ने अध्यादेश आएपछि हजारौं मानिस जङ्गलमा



बसेका छन्। त्यहाँ छाप्रो बनाएर जग्गा पाउने आशा गरेका छन्। यसले वन विनाश, मरूभूमिकरण र पर्यावरण असन्तुलन गर्छ,' उनले भने।

उनले भूमि विधेयक देश र जनताको हितमा नभएको बताए। र, यस्तो कानुन बनाउन नहुने बताए।

'मध्यवर्ती क्षेत्रका जंगलमा कसरी आँखा पुग्यो? त्यहाँ जंगल लगाउनुपर्छ, तर बसोबासका लागि आँखा लगाइएको छ, जुन गलत छ। निकुञ्ज र ती क्षेत्रका जग्गा पुनः सीमांकन गरेर बाँड्ने कुरा छ। वन विनाशबाट निकुञ्जहरू संकटमा छन्। यो विधेयकले प्राकृतिक स्रोतको मनपरी दोहन गर्छ। यो भावी पुस्ताका लागि होइन, बर्बादी ल्याउने हो,' उनले भने।

उनले भूमि विधेयक असंवैधानिक, गैरकानुनी र राष्ट्रको हितविपरीत र पर्यावरणीय सन्तुलन बिगार्ने भएकाले फिर्ता लिन आग्रह गरेका छन्।

'विधेयक फिर्ता लिनुपर्छ। किनकि सुकुमबासी समस्या समाधान गर्न पर्याप्त कानुन छन्। संविधान मिच्ने र सर्वोच्च अदालतको फैसला उल्लंघन गर्ने यो कुन स्वार्थका लागि ल्याइयो, मन्त्रीज्यूले स्पष्ट पार्नुपर्छ,' उनले भने।

# पानी माग्दै समाजवादी युवा संघको प्रदर्शन




**खबर दर्पण समाचारदाता**
**साउन ११ गते, बर्दिवास**

जनकपुरधाममा पानी माग्दै जनता समाजवादी पार्टी, नेपालको युवा संगठनले प्रर्दशन गरेको छ।

आइतबार सामाजवादी युवा संघ, नेपालले मधेस प्रदेश सरकारविरुद्ध प्रर्दशन गरेको हो।

'भ्रष्ट सरकार पानी दे, चुरे दोहन बन्द गर, राहत प्याकेज घोषणा गर, किसान विरोधी सरकार होसियार, किसान मार्न पाइँदैन' लगायतका प्लेकार्ड बोकेर उनीहरुले नाराबाजी गरेका हुन्। जनकपुरधामको जनक चोकबाट सुरु भएको प्रर्दशन जिल्ला प्रशासन कार्यालय धनुषा हुँदै मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय पुगेको थियो।

समाजवादी युवा संघले मधेश प्रदेशका प्रमुख सचिव मदन भुजेल र प्रमुख जिल्ला अधिकारी शंकरहरी आचार्यलाई ज्ञापनपत्रसमेत बुझाएका छन्। जिल्ला प्रशासन कार्यालयमा चार बुँदे र मुख्यमन्त्री कार्यालयमा आठ बुँदे ज्ञापनपत्र बुझाइएको हो।

ज्ञापनपत्रमा अवैध चुरे दोहन रोक्नु पर्ने, मलको व्यवस्था गर्नुपर्ने, प्रदेश सरकारले ल्याएको चालु आवको बजेटमा दुई वटा रेडबुक बनाएको विषयमा छानबिन गर्नुपर्ने माग गरिएको छ।




मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान
**प्रादेशिक अस्पताल जनकपुर**
धनुषा, मधेश प्रदेश, नेपाल

**यदि कसैलाई उपचारमा लापरवाही भएको शंका लागेमा सम्बन्धित सँस्थाको प्रमुख वा जिल्ला प्रशासन कार्यालय वा नेपाल मेडिकल काउन्सिल तथा स्वास्थ्य तथा जनसँख्या मन्त्रालयमा निवेदन दिन सकिन्छ ।**

| क्र.सँ. | दफा (३) हातपात, तालाबन्दी तथा तोडफोड गर्न नहुने | दफा (१५) कसुर तथा सजाय |
|---|---|---|
| क | स्वास्थ्य सँस्थामा आगजानी गरे | १ बर्षसम्म कैद वा १ लाख रुपैयाँ जरिवाना वा दुवै सजाय |
| ख | स्वास्थ्य सँस्थामा तोडफोड वा अन्य कुनै कार्य गरी हानीनोक्सानी पुरयाए | |
| ग | स्वास्थ्यकर्मी वा स्वास्थ्य सँस्थामा कार्यरत कर्मचारीलाई कुटपिट गर्न वा शारिरिक रुपमा चोट पुरयाए | २ बर्षदेखि ५ बर्षसम्म कैद वा २ लाखदेखि ५ लाखसम्म जरिवाना वा दुवै |
| घ | स्वास्थ्य सँस्थामा तालाबन्दी गर्न वा घेराउ गरे | |
| ङ | स्वास्थ्य सँस्थामा उपचारका लागि आएमा वा विरामीहरुको उपचार गर्ने क्रममा कुनै किसिमको बाधा पुरयाए । | |
| च | स्वास्थ्यकर्मी वा स्वास्थ्य सँस्थामा कार्यरत कर्मचारीहरुलाई हातपात गरे | ३ बर्षसम्म कैद वा ३ लाख रुपैयाँसम्म जरिवाना वा दुवै सजाय |


## कृषक वर्गमा अनुरोध

नेपाल एक कृषि प्रधान देश भएको र खाद्यमा आत्म निर्भरता बढाउने सरकारी प्रयास स्वरुप किसानलाई विभिन्न खालेसेवा सुविधा उपलब्ध हुँदै आएको छ । समयमा वर्षा नहुँदा कयन खेत बारीहरु बाँझै छन्, नजिकै पानीको श्रोत नभएको ठाउँमा के कसरी सिँचाई गर्ने सवालमा तराईका जिल्लाहरुमा भुमिगत (जमिनमुनी) का जललाई उपभोग गर्न सकिन्छ । यसरी भुमिगत जलश्रोतबाट अधिकतम रुपमा सिंचाई सेवा उपलब्ध गराउने उद्देश्यले भुमिगत जलश्रोत विकास समिति महोत्तरीले धुनषा, महोत्तरी, सर्लाही र सिन्धुली जिल्लाको केहि भागमा समूहगत सिंचाई सेवा उपलब्ध गराउँदै आइरहेको छ। नजिकै पानीको मुहान नभएको ठाउँमा के कसरी सिंचाई गर्न सकिन्छ भने अधिक जानकारीका लागि तपसीलको ठेगानामा सम्पर्क राखी खाद्यमा आत्म निर्भरता बढाउन भूमिगत जलश्रोत सिंचाई प्रयोग गरौं ।

## भूमिगत सिंचाई विकास डिभिजन

महोत्तरी फोन नं. ०४४-५२०४५४


## जानकी एकेडेमीक हस्पिटल प्रा.लि.

**Hot line number**
९८५४०२१३९५, ९७४८४५७४९०

**रामगोपालपुर-९ पर्सा देवाङ (महोत्तरी)**

**मधेस प्रदेश मै पहिलो पटक विभागिय विशेषज्ञ डाक्टरहरुद्धारा विरामीहरुको उपचार २४ सै धण्टा सेवा उपलब्ध गराउने पहिलो संस्था जानकी एकेडेमिक हस्पिटल प्रा.लि आफनो सम्पूर्ण सेवाहरु सुरु गरिसकेको सहर्ष जानकारी गराउदछौ ।**

- सम्पूर्ण इमरजेन्सी अप्रेशनहरु २४ औ घण्टा
- दैनिक OPD सेवा ९ देखि ४ बजे सम्म
- चोटपटक तथा दर्घटनामा परी हाडहरु भाचिएकाहरुलाई C-Arm मेशिनद्वारा
- अत्याधुनिक तरिकाले प्लाष्टर गर्नुको साथै विना ठूलो चिरफार गरी अप्रेशन
- अति शिकिस्त नवजात शिशुहरुको लागि NICU व्यवस्था

स्नायु तथा मानसिक रोग र नाक, कान तथा श्ढीको रोग प्रत्येक महिनाको पहिलो हप्ता

- २४ सै घण्टा नर्मल डेलिभरी , आवश्यक अनुसार LSCS अप्रेशन को सुबिधा ।
- पाठेघर सम्बन्धी हरेक समस्याको उपचार गर्नुको साथै अत्याधुनिक मेशिनद्वारा अप्रेशन सुबिधा ।
- पेट भित्र बच्चाको अवस्था जाँच्न CTG को व्यवस्था ।

# मटिहानी नगरपालिकामा वारुण यन्त्रद्वारा पानी वितरण सुरु



**धर्वेन्द्रकुमार यादव 'यदुवंशी'**

**साउन ११ गते, बर्दिवास**

बढ्दो गर्मी र घट्दो भू-जलका कारण उत्पन्न भएको जल संकटलाई ध्यानमा राख्दै मटिहानी नगरपालिकाले आजदेखि प्रत्येक वडामा वारुण यन्त्र प्रयोग गरी पानी वितरण कार्य सुरु गरेको छ।

यस कार्यको औपचारिक शुरुवात मटिहानी नगरपालिका वडा नं. ५ अन्तर्गत गोबरौरा क्षेत्रबाट गरिएको हो।

पानी वितरण कार्यलाई प्रभावकारी बनाउन तालिमप्राप्त वारुण यन्त्र टोली, नगर प्रहरी तथा सम्बन्धित वडाका नेपाल प्रहरीका सुरक्षाकर्मीहरूको टोली परिचालन गरिएको छ।

वारुण यन्त्र टोलीका प्रमुख राकेश यादवका अनुसार अभियान अन्तर्गत नगरका सबै वडामा गाउँ-गाउँ पुगेर सुरक्षित र पर्याप्त मात्रामा खानेपानी आपूर्ति गरिनेछ।

नगर प्रमुखसहित अन्य सरोकारवालाहरूले यस पहलले नगरवासीको दैनिक जीवन सहज बनाउन ठूलो सहयोग पुग्ने विश्वास व्यक्त गरेका छन्।

साथै, मटिहानी नगरपालिकाले नागरिकहरूलाई संयमता अपनाउँदै आवश्यकता अनुसार मात्र पानीको उपयोग गर्न पनि आग्रह गरेको छ।

# महोत्तरीमा ४१ डिप बोरिङ आयोजना वर्षौंदेखि अधुरै

**खबर दर्पण समाचारदाता**

**साउन ११ गते, बर्दिवास**



खानेपानी आपूर्ति सहज बनाउन महोत्तरीमा अघि बढाइएका डिप बोरिङका ४१ आयोजना वर्षौंदेखि अलपत्र रहेका छन् । आर्थिक वर्ष २०७५/७६ मा संघीय सरकारबाट प्रदेशलाई हस्तान्तरण गरिएका ३१ र प्रदेश सरकारले थालेका १० आयोजना अधुरै रहेका हुन् ।

खानेपानीको चरम समस्या भएर ट्यांकरबाट वितरण हुँदै आएको मनराशिसवा नगर पालिकामा कटैया र मड्वाही जस्ता ठूला खानेपानी आयोजना वर्षौंदेखि अलपत्र छन् ।

मनराशिसवा-१० का अध्यक्ष अरुण चौधरीले पर्याप्त बजेट नआउने र आएको बजेटसमेत समयमा ठेक्का नलाग्दा फिर्ता जाने समस्याका कारण आयोजनाहरू अधुरै रहेको बताए । कतिपयमा स्थानीयले श्रमदानसमेत नगरिदिने समस्या रहेको पनि उनले उल्लेख गरे ।

वडाध्यक्ष चौधरीका अनुसार मनराशिसवा पालिकाका १० वडामध्ये ६ र ७ बाहेक ८ वटा वडामा ५ वटा ट्यांकरले खानेपानी वितरण गरिरहेको छ । अहिले महोत्तरीका भंगाहा, मटिहानी, जलेश्वर, रामगोपालपुर, सोनामा, बर्दिवासलगायतका पालिकामा खानेपानी संकट देखिएको छ । केही पालिका र बस्तीबाटै पानीको समस्या समाधान गरि दिन आग्रह आउन थालेको खानेपानी संस्थान महोत्तरीले जनाएको छ । मनराशिसवाको जटही टोल, बर्दिवास १२, भंगाहा नगरपालिकाले कार्यालयमा पानीको व्यवस्था मिलाइदिन निवेदन दिएका छन् ।

खानेपानी तथा सरसफाइ डिभिजन कार्यालयका अनुसार पुराना केही आयोजना अन्तिम चरणमा बजेट नभएर थन्किएका छन्, केही आयोजना जग्गा प्राप्तिमै अल्झिएका छन् । केही आयोजनामा थोरै काम भएपछि रोकिएको छ । 'अलपत्र आयोजना यस वर्षको बजेटमा पनि नसमेटिएकाले कसरी अघि बढ्ने भन्ने अन्योल छ,' डिभिजन कार्यालय प्रमुख सञ्जीवकुमार साहले भने । थोरै लगानी गर्दा तत्कालै सञ्चालनमा आउन सक्ने आयोजना ५/६ वटा योजना रहेको उनले जानकारी दिए । 'पाइप बिछ्याउने, मिटर जडान गर्ने जस्ता काममा अल्झिएका आयोजनालाई तत्काल सञ्चालन ल्याउन सकिन्छ,' साहले भने ।

पानीको हाहाकार सुरु भएपछि मात्र स्थानीयले डिप बोरिङको महत्त्व बुझेको डिभिजन कार्यालय प्रमुख साह बताउँछन् । 'अहिले आयोजना छिटो अघि बढाइदिन भन्दै ताकेता आइरहेको छ,' उनी भन्छन् ।

मधेशका आठवटै जिल्लामा झन्डै ४ सय डिप बोरिङ खानेपानी आयोजना रहेको ऊर्जा सिँचाइ तथा खानेपानी मन्त्रालयले जनाएको छ । मन्त्रालयको खानेपानी माहाशाखाका अनुसार ३ सयभन्दा बढी संघका आयोजना र ८० वटा प्रदेशका डिप बोरिङ खानेपानी आयोजना छन् । तर कुन आयोजनाको के अवस्था छ भन्नेबारे मन्त्रालय जानकार छैन । जिल्लास्थित खानेपानी तथा सरसफाइ कार्यालयहरूबाट आयोजना बारे विवरण माग गरिएको महाशाखा प्रमुख लक्ष्मी पन्तले बताइन् ।


नियमित रुपमा स्वास्थ्य जाँच गरौं ।

नियमित स्वास्थ्य परीक्षण किन?

- प्राणघातक रोगहरुको प्रारम्भिक अवस्थामा नै पहिचान गर्न,
- पहिचान भएका रोगको समयमा नै रोकथाम तथा उपचार गर्न,
- सम्भावित रोगको पुर्वानुमान गरी बच्न र बचाउन,
- दीर्घ रोगबाट बच्न,
- उपचार खर्च कम गर्न,

त्यसैले,

- स्वास्थ्य परीक्षण स्वास्थ्यमा गरिने लगानी हो,
- आफूलाई पायक पर्ने स्वास्थ्य संस्थामा गई नियमित रुपमा परीक्षण गराऔं,
- स्वस्थ्य र निरोगी बनौं ।

औरही नगरपालिका, महोत्तरी



लु बाट बच्ने उपायहरु






गौशाला नगरपालिका



नसर्ने रोगबाट बच्ने उपाय ।

- धूमपान र मद्यपान नगरौं,
- दैनिक शारीरिक व्यायाम गरौं,
- मानसिक तनावबाट मुक्त रहौं,
- अस्वस्थकर खानपान र जीवनशैली नअपनाऔं,
- स्वस्थकर र सन्तुलित भोजन गरौं,
- नियमित स्वास्थ्य जाँच गरौं,

समयमै नसर्ने रोगको जाँच गराऔं, स्वस्थ र दीर्घ जीवन बाँचौ ।

रामगोपालपुर नगरपालिका

महोत्तरी



खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द कुमार यादव'यदुवंशी' (९८५४०२९०५३) E-mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,